## कार्यपालिका वैठक नं.१, आ.व.२०८१- ०८२ (२०८१/०४/०४)

आज मिति २०८१/०४/०४ गतेका दिन बिहान ०८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका र आँबुखैरेनी अस्पताल सञ्चालक समितिको संयुक्त बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | [signature] |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | [signature] |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | [signature] |
| ४ | सदस्य | आस बहादुर गुरुङ | [signature] |
| ५ | सदस्य | दिनेश के.सी. | [signature] |
| ६ | सदस्य | मिलन भुजेल | [signature] |
| ७ | सदस्य | सन्तोष गुरुङ | [signature] |
| ८ | सदस्य | दिलिप गुरुङ | [signature] |
| ९ | सदस्य | बसुन्धरा गौली | [signature] |
| १० | सदस्य | सम्झना सुनार | [signature] |
| ११ | सदस्य | शुशिला नेपाली | [signature] |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | [signature] |
| १३ | सदस्य | गंगा वि.क. | [signature] |
| १४ | सदस्य | भुगोल वि.क. | [signature] |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | [signature] |
| १६ | अस्पताल सञ्चालक समिति सदस्य | किशोर सुवेदी | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७ | " | अगमराज उपाध्याय | |
| १८ | " | वावुराम शर्मा | |
| १९ | " | अनिल श्रेष्ठ | |
| २० | " | मिना अधिकारी | |
| २१ | " | डा.रुपक घिमिरे | |
| २२ | " | मुकेश कुमार शाह | |
| २३ | " सदस्य सचिव | डा.डि.वी.क्षेत्री | |
| २४ | प्रशा. सहायक | अपेक्षा भेटक कुमाल | |
| २५ | का. सहयोगी | किला टकाल | |

**कार्यपालिका वैठक नं.१, आ.व.२०८१- ०८२ (२०८१/०४/०४) का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. भुक्तानी सम्वन्धमा ।

३. शिक्षक सरुवा सम्वन्धमा ।

४. अनुमति प्रदान गर्ने सम्वन्धमा ।

५. शिक्षक सम्मान सम्वन्धमा ।

६. जिन्सी निरिक्षण प्रतिवेदन तथा जिन्सी सम्वन्धी प्रतिवेदनहरु स्वीकृत सम्वन्धमा ।

७ भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

८. कार्यविधि संशोधन सम्वन्धमा ।

९ : अस्पताल समायोजन सम्वन्धमा ।

१० : प्रधानाध्यापक भत्ता सम्वन्धमा ।

११ : विद्यालय सञ्चालन तथा व्यवस्थापन रकम सम्वन्धमा ।

१२ : सुत्केरी सट्टा शिक्षक व्यवस्थापन सम्वन्धमा ।

१३ : एस.ई.ई.ग्रेड वृद्धि परिक्षा सञ्चालन तथा शिक्षक र कर्मचारीको पारिश्रमिक सम्वन्धमा ।

१४. कार्यसम्पादन सम्झौता सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

**कार्यपालिका वैठक नं.१, आ.व.२०८१- ०८२ (२०८१/०४/०४) का निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) गत आ.व.०८०/०८१ को योजना तथा कार्यक्रमहरु सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रुपमा योजना कार्यक्रमहरु सम्पन्न भएको पाईएको । विभिन्न योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न भएको तर अनुगमन तथा कागजी प्रक्रिया नमिलेको कारण भुक्तानीमा ढिलाई भएको पाइएको हुँदा यस आ.व.मा त्यस्ता समस्या नदोहोर्‍याउनको लागि नियमित अनुगमन गर्ने, उपभोक्ता समितिहरुलाई प्रर्याप्त मात्रामा तालिमहरु प्रदान गराई नियमबमोजिमका कागजी प्रक्रियाहरु पुर्‍याई गुणस्तरीय रुपमा कामहरु सम्पन्न गरि समयमै भुक्तानी हुने व्यवस्था मिलाउने निर्णय गरियो । साथै अन्य सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं सहज र सरल बनाउनको लागि कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न तालिमहरु प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. २ : भुक्तानी सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको स्वीकृत योजना Aina Park Purbadhar Nirman Yojana ठेक्का नं. (AKRM/APCW/NCB/17/2079/080) ठेक्का कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानीको लागि निवेदन पेश भएकोमा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत पौवागाउँ निवासी श्री चन्द्र बहादुरको घरमुनि रिटेनिङ वाल निर्माण योजनाको गाउँकार्यपालिकाको स्वीकृत विविध खर्च शिर्षकबाट भुक्तानी भैसकेको तर भुलवश आर्थिक वर्ष २०८१/०८२ को बजेटको सुत्रमा राखिएकोले सोहि पौवागाउँ निवासी श्री चन्द्र बहादुरको घरमुनि रिटेनिङ वाल निर्माण योजना खर्च शिर्षकबाट Aina Park Purbadhar Nirman Yojana ठेक्का नं. (AKRM/APCW/NCB/17/2079/080) को भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ : शिक्षक सरुवा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयहरुको आवश्यक्ता बमोजिम तपशिल बमोजिमका शिक्षकहरुलाई तपशिल बमोजिमका विद्यालयहरुमा सरुवा गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | शिक्षकको नामथर | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय |
|---|---|---|---|
| १. | ~~उमेश चौधरी~~ एक ब. गुरुङ | श्री छिम्केश्वरी मा.वि., आँबुखैरेनी- ४ तनहुँ । | श्री चण्डेश्वरी आ.वि.,आँबुखैरेनी-४ तनहुँ । |
| २. | विमला राना | श्री इन्द्रदेवी आ.वि., आँबुखैरेनी- ५ तनहुँ । | श्री कन्यादेवी मा.वि., आँबुखैरेनी- ६, तनहुँ । |
| ३. | नवराज अधिकारी | श्री कन्यादेवी मा.वि., आँबुखैरेनी- ६, तनहुँ । | श्री इन्द्रदेवी आ.वि., आँबुखैरेनी- ५, तनहुँ । |

**निर्णय नं. ४ : अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

भौतिक तथा यातायात मन्त्रालय, गण्डकी प्रदेश मन्त्रालयबाट सञ्चालित आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित सत्रसय रिङ्गरोड निर्माण (ठेक्का न. IPO/TANAHUN/CB/Construction Pvt.Ltd.) प्रयोजनको लागि ५०० घन मिटर ढुङ्गा उपलब्ध गराईदिन भनि श्री वि.एण्ड वि.कन्स्ट्रक्सन आँबुखैरेनी-१ तनहुँबाट पेश भएको निवेदन उपर छलफल गरि नियमबमोजिमको राजश्व/दस्तुर असुल गरि वडा नं. १ को चम्पेटापु बाट वडा कार्यालय तथा वडा कार्यालय प्राविधिक साथै ईलाका प्रहरी कार्यालय, आँबुखैरेनीको निगरानीमा जम्मा ५०० घन मिटर ढुङ्गा उत्खनन् गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : शिक्षक सम्मान सम्बन्धमा ।**

शैक्षिक सत्र २०८० को कक्षा १२ को अन्तिम परिक्षामा उत्कृष्ट नतिजा (मित्रता मा.वि.८२.२२, रामशाह मा.वि.७५.५५) प्राप्त गर्न सफल भएकोले कक्षा ११ र १२ मा अध्यापन गर्ने रामशाह मा.वि.र मित्रता मा.वि.को तपशिल बमोजिमको शिक्षकहरुलाई प्रतिव्यक्ति ५ हजार नगद, दोसल्ला र सम्मानपत्र का साथ सम्मान गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स | शिक्षकको नाम | विद्यालयको नाम | क्र.स | शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | प्रेमराज लामिछाने | रामशाह मा.वि | १९. | प्रकाश भण्डारी | मित्रता मा.वि |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सुरेन्द्र बोगटी | मित्रता मा.वि | २०. | निरन्जन पराजुली | मित्रता मा.वि |
| ३ | शान्ता खनाल | मित्रता मा.वि | २१. | रामशरण मिश्र | मित्रता मा.वि |
| ४ | अम्बिका पाण्डे | मित्रता मा.वि | २२. | दुर्गा पोखरेल | मित्रता मा.वि |
| ५ | तिलक अधिकारी | मित्रता मा.वि | २३. | रमेश राज वाग्ले | रामशाह मा.वि |
| ६ | रमेश बाबु ढकाल | मित्रता मा.वि | २४. | शर्मिला घले | रामशाह मा.वि |
| ७ | नवराज मिश्र | रामशाह मा.वि | २५. | सावित्री लामिछाने | रामशाह मा.वि |
| ८ | प्रकाश चन्द्र ढकाल | रामशाह मा.वि | २६. | संगम आचार्य | रामशाह मा.वि |
| ९ | अर्जुन कुमार ढकाल | रामशाह मा.वि | २७. | केशव घिमिरे | रामशाह मा.वि |
| १० | प्रकाश आचार्य | रामशाह मा.वि | २८. | विष्णु माया गुरुङ | रामशाह मा.वि |
| ११ | विरेन्द्र प्रसाद भट्ट | रामशाह मा.वि | २९. | सरस्वती श्रेष्ठ | रामशाह मा.वि |
| १२ | बिशाल खनाल | रामशाह मा.वि | ३०. | महेन्द्र प्रसाद अधिकारी | रामशाह मा.वि |
| १३ | लक्ष्मी भण्डारी | रामशाह मा.वि | ३१. | सुरज वगाले | रामशाह मा.वि |
| १४ | रिदम लामिछाने | रामशाह मा.वि | ३२. | राजेश सुनाम | रामशाह मा.वि |
| १५ | बलराम थापा मगर | रामशाह मा.वि | ३३. | गिता थापा | रामशाह मा.वि |
| १६ | नारायण अधिकारी | रामशाह मा.वि | ३४. | डुल वहादुर कुँवर | रामशाह मा.वि |
| १७ | पम्फा देवी श्रेष्ठ | रामशाह मा.वि | ३५. | पुजा थापा | रामशाह मा.वि |
| १८ | बबिता घिमिरे | रामशाह मा.वि | ३६. | सुरज वगाले | रामशाह मा.वि |

**निर्णय नं. ६. जिन्सी निरिक्षण प्रतिवेदन तथा जिन्सी सम्बन्धी प्रतिवेदनहरु स्वीकृत सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको जिन्सी शाखाबाट आर्थिक वर्ष ०७९/८० सम्ममा भएका जिन्सी सम्पतिहरुको (खर्च भएर जाने, खर्च भएर नजाने) विस्तृत विवरण प्रतिवेदन तयार गरि स्वीकृतीको लागि पेश भएकोमा उक्त प्रतिवेदनहरु उपर छलफल गर्दा प्रतिवेदन मनासिव लागेकोले तपशिल वमोजिमका वार्षिक जिन्सी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

- जिन्सी निरीक्षण फाराम (म.ले.प.फा.नं.४११),०८०/८१ ।
- जिन्सी मौज्दातको विस्तृत वार्षिक विवरण, खर्च भएर नजाने, म.ले.फा.नं.४१३, ०८०/८१ ।
- जिन्सी मौज्दातको विस्तृत वार्षिक विवरण, खर्च भएर जाने, म.ले.फा.नं.४१३, ८०/८१ ।
- जिन्सी खाता (खर्च भएर जाने/ म.ले.फा.नं.४०७, ८०/८१ )
- जिन्सी खाता (खर्च भएर नजाने/ म.ले.फा.नं.४०८, ८०/८१ )
- हस्तान्तरण फाराम (म.ले.फा.नं.४०६, ८०/८१ )
- आन्तरिक नियन्त्रण अनुगमन प्रतिवेदन ०८०।८१ .

**निर्णय नं. ७ भारत सरकारको सहयोगमा सन्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

भारत सरकारको सहयोगमा सन्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम अर्न्तगत यस गाउँपालिकाबाट सन्चालित आँबुखैरेनी अस्पतालको सेवा विस्तार गर्ने प्रयोजनार्थ अपुरो बहुउदेश्यीय भवन निर्माण सम्बन्धी प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै उक्त योजनाको कुल लागतको ५ प्रतिशत रकम गाउँपालिकाले साझेदारी गर्ने प्रतिवद्धता गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ८. कार्यविधि स्वीकृत तथा संशोधन सम्बन्धमा ।**

- यस आँबुखैरेनी गाउँकार्यपालिकाको १५ औं गाउँसभाको निर्णय बमोजिम आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रम अर्न्तगत किसानलाई दुधमा दिँदै आएको अनुदानलाई थप १ रुपैँया प्रति लि.का दरले वृद्धि गरिनेछ भनि उल्लेख भएको हुँदा सो को कार्यान्वयनको लागि आर्थिक वर्ष ०८१/८२ को श्रावण महिनादेखि लागु हुनेगरि प्रति लि.रु.४ का दरले दुध उत्पादनमा अनुदान दिने र दुग्ध उत्पादक सहकारी सँस्था लि.हरुले दुध उत्पादन तथा प्रशोधन सँग सम्बन्धित मेशिनरी सामग्रीहरु आवश्यक्ता बमोजिम माग गरेमा पालिकाको ७५ प्रतिशत र दुग्ध उत्पादक सहकारी सँस्था लि. हरुको २५ प्रतिशत लागत साझेदारी हुनेगरि उपलब्ध गराउन उत्पादनमा आधारित अनुदान कार्यविधि संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।
- विद्यार्थी बचत खाता कार्यक्रम सञ्चालन कार्यविधि -२०८१ स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९ : अस्पताल समायोजन सम्बन्धमा ।**

आँबुखैरेनीबासीलाई विशेषज्ञ स्वास्थ्य सेवा सहितको उत्कृष्ट स्वास्थ्य सेवा उपलब्ध गराउने मात्र नभई सिँगो गण्डकीको पूर्वी क्षेत्रको उपक्षेत्रीय स्वास्थ्य हव बनाउने मनसायले पालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पताललाई निकट भविष्यमा नै ५० शैयाको अस्पताल बनाउने लक्ष्यका साथ यसै आँबुखैरेनी गाउँपालिका वडा नं. ३ मा स्थापित छिम्केश्वरी अस्पताललाई यस आँबुखैरेनी अस्पतालमा समायोजन गर्ने निर्णय गरियो । साथै उक्त अस्पतालमा ओ.टि सहायक पदमा कार्यरत १ जना कर्मचारीलाई सोहि पदमा मासिक रु.२४,०००/-(अक्षररुपी चौविस हजार रुपैँया मात्र ।) पारिश्रमिक उपलब्ध गराउने गरि आँबुखैरेनी अस्पतालमा ओ.टि.शाखामा कामकाज गर्नेगरि समायोजन गर्ने र अन्य कुराहरु छिम्केश्वरी अस्पताल प्रा.लि. र आँबुखैरेनी गाउँपालिका बीचको सम्झौता बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. १० : प्रधानाध्यापक भत्ता सम्बन्धमा ।**

आर्थिक वर्ष ०८१/८२ बाट माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक तहका प्रधानाध्यापकहरुलाई प्रोत्साहन स्वरुप प्रधानाध्यापक भत्ता क्रमश : रु.१,५००/-, १,०००/- र ७००/- मासिक प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : विद्यालय सञ्चालन तथा व्यवस्थापन रकम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयमा हरेक शुक्रबार सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप लगायत अन्य विद्यार्थि केन्द्रित क्रियाकलाप तथा शैक्षिक सामग्री निर्माणका लागि माध्यकिम, आधारभुत (१-८) तथा आधारभुत (१-३, १-५) सञ्चालित विद्यालयहरुलाई वार्षिक एकमुष्ट क्रमश रु.५०,०००/-, ४०,०००/- तथा ३०,०००/- प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : सुत्केरी सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी भएको अवस्थामा पठन पाठनमा असर नपुगोस भन्ने उदेश्यले विद्यालयले सट्टा शिक्षक व्यवस्था गर्ने र उक्त सट्टा शिक्षक व्यवस्थापनको लागि माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक तहको दरबन्दीलाई ३ महिनाको पारिश्रमिक स्वरुप एकमुष्ट रकम रु.७५,०००/-, ६६,०००/- र ६०,०००/- विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १३ : एस.ई.ई.ग्रेड वृद्धि परिक्षा सञ्चालन तथा शिक्षक र कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालयको एस ई.ई. परिक्षाको ग्रेड वृद्धि परिक्षामा सहभागी हुने विद्यार्थिको लागि मिति २०८१/०३/१८ देखि साउन २९ सम्म एस.ई.ई. तयारी कक्षा सञ्चालन गर्ने तथा उक्त समयमा अध्यापन गराउने शिक्षक तथा कर्मचारीहरुको लागि तपशिल बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

तपशलि :

क) रामशाह मा.वि.तथा मित्रता मा.वि.को प्रधानाध्याकहरुलाई प्रति व्यक्ति रु.३५,०००/- का दरले,

ख) पढाउने शिक्षकहरुलाई प्रति पिरियड ७,०००/- का दरले,

ग) विहान बेलुका रेखदेख गर्ने शिक्षकहरुलाई प्रति व्यक्ति रु.२५,०००/- का दरले,

घ) पढाउने तथा विहान बेलुका रेखदेख गर्ने शिक्षकलाई प्रति पिरियड ७,०००/- र त्यसमा रु.५,०००/-थप गर्ने ।

ङ.) कर्मचारीलाई प्रति व्यक्ति रु.१०,०००/-का दरले ।

**निर्णय नं. १४. कार्यसम्पादन सम्झौता सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, कर्मचारी समायोजन ऐन २०७५, निजामती सेवा ऐन २०४९ र निजामती सेवा नियमावली २०५०, स्थानीय तह कार्यसञ्चालन निर्देशिका २०७७ एवं स्थानीय तह सँस्थागत तह क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले परिलक्षित गरे बमोजिम स्थानीय तहको भुमिकालाई अझ बढी सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाई स्थानीय तहको परिणाममुखी व्यवस्थापन र संचालन गर्न, समग्र सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न आँबुखैरेनी गाउँपालिका तनहुँका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत, साथै प्रमुख प्रशासकिय अधिकृत र पालिकाका शाखाका प्रमुखहरु बीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : विविध सम्बन्धमा ।**

**क) अस्पताल ओ.टि.सेवा उद्घाटन कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा ओ.टि.सेवा सञ्चालन गर्नको लागि आवश्यक पुर्वाधार तथा जनशक्ति व्यवस्थापन गरि यहि मिति २०८१ साउन महिनाको २१ गतेका दिन अपरेशन थियटर समुद्घाटन तथा छिम्केश्वरी अस्पतालका शेयर धनीज्यूहरुलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमको लागि गाउँकार्यपालिकाको स्वीकृत विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरि जम्मा रु.२,००,०००/-(अक्षररुपी दुई लाख मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**ख) ३० औं आदिवासी जनजाति दिवश कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत नेपाल आदिवासी जनजाती महासंघ गाउँ समन्वय परिषद् को ३० औं विश्व आदिवासी दिवस विभिन्न कार्यक्रमहरु सञ्चालन गरि मनाउन लागेको हुँदा आवश्यक वजेट विनियोजन गरिदिनुहुन भनि निवेदन पेश भएको हुँदा उक्त निवेदन उपर छलफल गरि जम्मा रकम रु.४०,०००/रुपैंया मात्र गाउँकार्यपालिकाको स्वीकृत अन्य सँस्था सहायता खर्च शिर्षकवाट भुक्तानी हुनेगरि विनियोजन गर्ने निर्णय गरियो ।

**ग) प्रकोप व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा नं. २ का विभिन्न स्थानहरुमा असार र साउन महिनामा परेको अविरल वर्षाको कारण सडकहरुमा पहिरो गई अवरुद्ध भएकोले उक्त पहिरो पन्छाई नागरिकहरुको आवत जावत सहज गर्ने उदेश्यले गाउँकार्यपालिकाको स्वीकृत प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी हुनेगरि वडा नं. २ को बाटो सरसफाई योजनाको लागि प्राविधिक स्टीमेट वमोजिम जम्मा रकम रु.३,००,०००/-(अक्षररुपी तिन लाख रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**घ) कर्मचारी अतिरिक्त सुविधा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका नगर प्रहरी पदमा कार्यरत कर्मचारीद्वय अमर गुरुङ र अमर अस्लामि मगरलाई अर्को व्यवस्था नभईन्जेल सम्मको लागि गाउँपालिकाको कार्यालय साथसाथै पालिकाको पर्यटकीय स्थल ऐनापहराको सुरक्षा व्यवस्थापनको पनि जिम्मेवारी दिने र सो बमोजिम उनीहरुले २४ सै घण्टा कार्यालय कामकाजमा खटिनुपर्ने अवस्था देखिएको हुँदा भएकोले उनीहरुलाई यहि श्रावण महिनादेखि लागु हुनेगरि गाउँकार्यपालिकाको स्वीकृत अतिरिक्त कार्य गरेवापत कर्मचारी भत्ता तथा पुरस्कार खर्च शिर्षकबाट (ऐनापहरा मा टिकट सुरु भएदेखि) मासिक रु.प्रतिव्यक्ति रु.८,०००/-( अक्षररुपी आठ हजार रुपैंया मात्र ।) का दरले अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**ङ) सवारी साधन सम्झौता नवीकरण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको कार्यालय प्रयोजनको लागि गतवर्ष रमेश कुमार श्रेष्ठको नामामा रहेको प्र.३.०१-०२४-च.७६४२ नम्वरको फोरव्हील जिप ०८१/०३/३० सम्म भाडामा लिने सम्झौता गरीएकोमा आर्थिक वर्ष ०८१/८२ को लागि उक्त सम्झौता नवीकरण गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner